आज मिति २०८१ साल मंसिर ३ गतेका दिन शारदा नगरपालिकाका नगर प्रमुख श्री प्रकाश भण्डारीको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्नानुसारको निर्णयहरु गरियो।

तपसिल

| | | |
|---|---|---|
| श्री प्रकाश भण्डारी | नगर प्रमुख | शारदा नगरपालिका सल्यान |
| श्री सुस्मिता खापकोटी | नगर उप प्रमुख | 〃 — 〃 — |
| श्री प्रदिप पाण्डेय | वडाध्यक्ष वडा नं. १ | 〃 — 〃 — |
| श्री सबिना हमाल | 〃 — 〃 — २ | 〃 — 〃 — |
| श्री तुलसा भण्डारी | 〃 — 〃 — ३ | 〃 — 〃 — |
| श्री किशोर कुमार हमाल | 〃 — ४ | 〃 — 〃 — |
| श्री प्रदिप शाही | 〃 — ५ | 〃 — 〃 — |
| श्री निकराज बुढाथोकी | 〃 — ६ | 〃 — 〃 — |
| श्री लिला बहादुर रोका | 〃 — ७ | 〃 — 〃 — |
| श्री लक्ष्मण बुढाथोकी | 〃 — ८ | 〃 — 〃 — |
| श्री हेमेन्द्र कुमार बुढाथोकी | 〃 — ९ | 〃 — 〃 — |
| श्री कृष्ण बहादुर बोहरा | 〃 — १० | 〃 — 〃 — |
| श्री राजेश कुमार शर्मा | 〃 — ११ | 〃 — 〃 — |
| श्री सुरेन्द्र बुढा | 〃 — १२ | 〃 — 〃 — |
| श्री जोग बहादुर बुढा | 〃 — १३ | 〃 — 〃 — |
| श्री प्रकाश पुन | 〃 — १४ | 〃 — 〃 — |
| श्री लोकनाथ बुढाथोकी | 〃 — १५ | 〃 — 〃 — |
| श्री रत्ना कुमारी बुढाथोकी | नगर कार्यपालिका सदस्य | 〃 — |
| श्री मञ्जु परियार | 〃 — 〃 — | 〃 — |
| श्री भगवती बोहरा | 〃 — 〃 — | 〃 — |
| श्री इन्द्रा कुमारी डाँगी | 〃 — 〃 — | 〃 — |
| श्री पुष्पा नेपाली | 〃 — 〃 — | 〃 — |
| श्री गंगा पोखरेल | 〃 — 〃 — | 〃 — |
| श्री प्राण कुमार राई | 〃 — 〃 — | 〃 — |
| श्री दिपक विश्वकर्मा | 〃 — 〃 — | 〃 — |
| श्री ओम प्रकाश देवकोटा | सदस्य सचिव | 〃 — |

प्रमुख प्रशासकीय अधिकृत

**कार्यपालिका बैठक संख्या नं. ३९ स्थानः नगरपालिका भवन मिति २०८१/०८/०३ गते**

**समयः बिहान ८.३० बजे।**

**<u>प्रस्तावहरुः</u>**

१. पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. कानून स्वीकृत सम्बन्धमा।
३. सैद्धान्तिक सहमति सम्बन्धमा।
४. नगर प्रवक्ता तोक्ने सम्बन्धमा।
५. नदीजन्य पदार्थको व्यवस्थापन सम्बन्धमा।
६. कर्मचारीहरुको अध्ययन विदा सिफारिश सम्बन्धमा।
७. कर्मचारी पदपूर्ति सम्बन्धमा।
८. खेल शिक्षकको पुनः सूचना आव्हान सम्बन्धमा।
९. लिलाम बिक्री सम्बन्धमा।
१०. विपद् राहत वितरण सम्बन्धमा।
११. घर जग्गा अभिलेखिकरण सम्बन्धमा।
१२. शिव जन माध्यमिक विद्यालयको DPR स्वीकृत गर्ने सम्बन्धमा।
१३. कर्मचारी कल्याण कोषबाट भुक्तानी दिने सम्बन्धमा।
१४. जिल्ला प्रहरी कार्यालय सल्यानको प्रस्तावना सम्बन्धमा।
१५. कार्यदल गठन सम्बन्धमा।
१६. विविध।



CamScanner

**निर्णय नं. १**

शारदा नगर कार्यपालिकाले यस पूर्वका बैठकहरुमा गरेका निर्णयको कार्यान्वयन अवस्थाका सम्बन्धमा समीक्षा गरियो ।

**निर्णय नं. २**

कार्यपालिकाको ३८ औं बैठकले राय सहित यस कार्यपालिका बैठकमा पेश गर्ने गरी विधेयक समितिमा पठाएको तपसीलमा उल्लेखित कानून प्राप्त राय सुझाव सहित स्वीकृत गर्ने निर्णय गरियो ।

(१) विद्यालय खानेपानी तथा सरसफाई सम्बन्धी कार्यविधि, २०८१

त्यसैगरी तपसीलमा उल्लेखित कानूनहरु अर्को कार्यपालिका बैठकमा राय सल्लाह सहित पेश गर्ने गरी विधेयक समितिमा पठाउने निर्णय गरियो

(१) शारदा नगरपालिका विज्ञापन बोर्ड तथा प्रचार सामाग्री नियमन गर्ने मापदण्ड, २०८१

**निर्णय नं. ३**

शारदा नगरपालिको विकास योजना, फोहरमैला व्यवस्थापन र कृषि विकार कार्यलाई गुणस्तरीय र परिणाममुखी बनाउन तपसीलका कार्यहरु गर्न सैद्धान्तिक सहमति प्रदान गर्ने निर्णय गरियो ।

(१) कृषि विकास रणनीतिक गुरुयोजना निर्माण

(२) फोहरमैला व्यवस्थापन केन्द्रको डिपिर तथा संक्षिप्त वातावरणीय परीक्षण प्रतिवेदन निर्माण

(३) विभिन्न सडकहरुको विस्तृत परियोजना प्रतिवेदन निर्माण

**निर्णय नं. ४**

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम यस शारदा नगरपालिकाको प्रवक्ताका रुपमा जिम्मेवारी बहन गर्न शारदा नगरपालिका वार्ड नं ११ का वडा अध्यक्ष श्री राजेश कुमार शर्मालाई तोक्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

शारदा नगरपालिकाको नदी क्षेत्रमा रहेको नदीजन्य पदार्थको मिति २०८१/०५/२०, २०८१/०६/०७ र २०८१/०६/३० गते ३/३ पटक ठेक्का आव्हान गर्दा पनि कुनै पनि प्रस्ताव प्राप्त नभएकोले विद्यमान बजार, बजारसम्मको पहुँचलाई ध्यानमा राखी शारदा नगरपालिका भित्र रहेका नदीहरुको नदीजन्य पदार्थको प्रचलित कानून अनुसार राजश्व रकम वडा कार्यालयहरूबाट उठाउने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस शारदा नगरपालिका अन्तर्गत कार्यरत तपसीलमा उल्लेखित कर्मचारीहरुलाई अध्ययन विदाका लागि सिफारिश गर्ने निर्णय गरियो ।

| सि. नं. | कर्मचारीको नामथर | कार्यरत संस्था | अध्ययन गर्ने विषय | कैफियत |
|---|---|---|---|---|
| १ | जीवराज शर्मा | कजेरी स्वास्थ्य चौकी | BAMS | |
| २ | डिला कुमारी वली | कजेरी स्वास्थ्य चौकी | नर्सिङ्ग स्नातक | |
| ३ | पुजा गिरी | डाँडागाउँ स्वास्थ्य चौकी | नर्सिङ्ग स्नातक | |



CamScanner

| ४ | प्रकाश खड्का | कृषि विकास शाखा | कृषि स्नातक | |
|---|---|---|---|---|

**निर्णय नं. ७**

यस नगरपालिकालाई आवश्यक पर्ने तपसिलका कर्माचारी भर्नाका लागि प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृत लाई निर्देशन दिने निर्णय गरियो ।

| सि.नं. | पद | करार प्रकृति | तलब सुविधा | कैफियत |
|---|---|---|---|---|
| १ | हेल्थ असिष्टेण्ट | मासिक तलब पाउने गरी | सहायक पाँचौ सरह | |
| २ | कार्यालय सहयोगी | मासिक तलब पाउने गरी | श्रेणी विहिन | |

**निर्णय नं. ८**

नगर कार्यपालिकाको मिति २०८१ श्रावण २३ मा बसेको बैठक बमोजिम यस नगरपालिकालाई आवश्यक खेलकुद शिक्षकको मिति २०८१/०६/१३ मा प्रकाशन गरिएको सूचना अनुसार प्रर्याप्त आवेदन पर्न नसकेकोले पुनः सूचना आव्हान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस नगरपालिकामा रहेका तपसीलका सवारी साधन तथा मेशीनरी औजारहरु प्रचलित कानून बमोजिम लिलाम प्रक्रियामा लैजान प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

| सि नं | विवरण | परिणाम | कैफियत |
|---|---|---|---|
| १ | ब्याक ह्वो लोडर | १ थान | |
| २ | मोटर साईकल | ३ थान | |
| ३ | स्कुटर | १ थान | |
| ४ | सोलार ब्याट्री | भए जति | |

**निर्णय नं. १०**

तपसीलमा उल्लेखित व्यक्तिहरुलाई राहत वितरण मापदण्ड, २०८१ बमोजिम जनही रू १५०००/- (अक्षरुपी पन्ध्र हजार मात्र) राहत उपलब्ध गराउने निर्णय गरियो ।

| आगलागि बाट विपद् प्रभावित व्यक्तिको विवरण २०७९ देखि | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.स. | विपद प्रभावित व्यक्तिको नाम थर | ठेगाना | फोन नं. | विपदको प्रकार | अनुमानित क्षति | कैफियत | घटना मिति |
| १ | राम बहादुर बस्नेत | शारदा न.पा.४, सल्यान | ९८६८२५६४२४ | आगलागी | २५९००० | घर जलेर पूर्ण रुपमा नष्ट | २०८१/०६/२० |
| २ | राति नाथ | शारदा न.पा.१५, सल्यान | | आगलागी | ३६६००० | घर जलेर पूर्ण रुपमा नष्ट | २०८०/०१/०२ |
| ३ | राधिका नेपाली | शारदा न.पा.१३, सल्यान | ९८२९८६४७६९ | आगलागी | २००००० | घर जलेर पूर्ण रुपमा नष्ट | २०८०/०२/०१ |
| ४ | हिरा लाल बुढाथोकी | शारदा न.पा.१५, सल्यान | ९८४७८५४५२१ | आगलागी | ३५०००० | घर जलेर पूर्ण रुपमा नष्ट | २०७९/०२/२८ |
| ५ | दल बहादुर भण्डारी | शारदा न.पा.८, सल्यान | ९८२९८६४८५९ | आगलागी | २३०००० | घर जलेर पूर्ण रुपमा नष्ट | २०७९/०३/०५ |

कार्यपालिका बैठक २०८१ मंसिर ३ गते

CamScanner

**निर्णय नं. ११**

शारदा नगरपालिकामा पूर्व निर्मित हालसम्म नक्सा पास नभएका सार्वजनिक जग्गा ,सडक मापदण्ड ,कुलो ,खोला ,नदी , राजमार्गको अधिकार क्षेत्रभित्र पर्ने बाहेकका भवनहरुको नक्सा अभिलेखिकरण गर्न **घर नक्सा अभिलेखीकरण गर्ने कार्यविधि ,** २०७७अनुसार तपसिल बमोजिमका कागजातहरु पुरा गरी सूचना प्रकाशनको मिति देखि ६० दिन भित्र निवेदन पेश गर्न सर्वसाधारणको लागि सार्वजनिक सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**तपसील:**

१. निवेदन
२. जग्गाधनीको नागरिकताको प्रतिलिपि
३. जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि(लालपूर्जा)
४. प्रमाणित सक्कल नापी नक्सा ब्लू/प्रिन्ट नक्सा
५. चालु आघर जग्गा कर तिरेको रसिद प्रतिलिपि ,जग्गाको मालपोत.व.
६. चारकिल्लाको सक्कल प्रतिलिपि
७. वडा कार्यालयको जनप्रतिनिधिको रोहवरमा फिल्ड निर्धारण गरि पठाएको सर्जमिन मुचुल्का
८. नगरपालिकामा सूचीकृत ईन्जिनियरबाट तयार पारेको नक्सा २ प्रति
९. जग्गाधनीको पासपोर्ट साईजको फोटो ३ प्रति
१०.पुरै मोहडा र तला स्पष्ट देखिने घरको रंगिन फोटो
११.घरधनीले नगरपालिका समक्ष गरेको कबुलियतनामा

**निर्णय नं. १२**

शिव जन माध्यमिक विद्यालय, शीतलपाटी सल्यानको मिति २०८१/०७/२९ च. न. ७७ को पत्रानुसार सो विद्यालयको भौतिक संरचना निर्माणका लागि **Royal Kalika Engineers & Builders Pvt. Ltd.** ले तयार गरी पेश गरेको **DPR** विद्यालयले नै परामर्श वापत खर्च विद्यालय नै व्यहोर्ने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

शारदा नगरपालिका, नगरकार्यपालिकाको कार्यालयको मिति २०७४/०४/२९ को निर्णयानुसार सह लेखापाल पदबाट प्रशासन सेवा, सामान्य प्रशासन समूह, सहायक पाँचौ तहमा पदोन्नति भएको र २०७५/०९/०४ को निर्णयानुसार समायोजन तथा पदस्थापना भई वडा नं १२ को वडा सचिवको पदमा कार्यरत रहेका वडा सचिव श्री टेक वहादुर बुढाथोकीले शारीरिक अस्वस्थताको कारण जनाई २०७६गते राजिनामा ०७/०६/ स्वीकृत गराएकोले स्थानीय तहमा कार्यरत कर्मचारीहरुले अवकाश पश्चात पाउने सेवा सुविधा सम्बन्धमा स्थानीय स्वायत्त शासन ऐन २०५५ , ,तथा स्थानीय स्वायत्त शासन नियमावली२०५६ को दफा २६६ मा उल्लेख भए अनुसार उपचार खर्च र दफा २६८ को मा उल्लेख (ङ) र यस शारदा नगरपालिकाको कर्मचारी कल्याण कोष संचालन कार्यविधि,२०८१ को दफा २१ को उपदफा २(ख), दफा २२ र दफा २३ मा उल्लेख भए बमोजिम उपदान रकम, उपचार खर्च रकम



CamScanner

र संचित विदा बापतको रकम आकर्षित हुने देखिएकोले तपसील बमोजिम सेवा सुविधा बापतको रकम भुक्तानी दिने निर्णय गरियो ।

| क्र.स. | विवरण | सेवा अवधि/संचित विदा दिन | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | उपचार खर्च बापतको रकम | १८ महिना बराबरको रकम | ५,०७,६००/- | २०७६ सालको मासिक तलब रु.२८,२००/- बमोजिम |
| २ | उपदान बापतको रकम | १२ महिना बराबरको रकम | ३,३८,४००/- | |
| ३ | संचित घर विदा बापतको रकम | १८० दिन | १,६९,२००/- | |
| ४ | संचित विरामी विदा बापतको रकम | १५० दिन | १,४१,०००/- | |
| जम्मा रकम | | | ११,५६,२००/- | |

**निर्णय नं. १४**

बालविवाह, बहुविवाह, घरेलु हिंसा, लागु औषध नियन्त्रण, आत्महत्या न्यूनीकरण र आप्रवासन जस्ता विषयमा गत वर्ष जस्तै सडक नाटक तथा वृतचित्र मार्फत समुदाय तथा विद्यालयमा कार्यक्रम गर्न नेपाल प्रहरीलाई विविध जनचेतनामूलक कार्यक्रम शीर्षकबाट रु ७५,०००/- (अक्षेरुपी पचहत्तर हजार मात्र) बराबरको प्रस्तावना तयार गरी पेश गर्न जिल्ला प्रहरी कार्यालय, सल्यानलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

यस नगरपालिका र बाल विवाह विरुद्ध साझा अभियान संजाल, कर्णाली प्रदेश सचिवालय (आवाज) विरेन्द्रनगर, सुर्खेतबीच बालविवाह न्यूनीकरणका लागि रणनीतिक योजना निर्माण सम्बन्धी भएको सम्झौता अनुसार सो रणनीतिक योजनाको मस्यौदा तयार गर्न तपसील बमोजिमको कार्यदल गठन गर्ने निर्णय गरियो ।

(१) नगर उपप्रमुख श्री सुस्मिता सापकोटा सुनार — संयोजक
(२) प्रमुख प्रशासकीय अधिकृत श्री ओम प्रकाश देवकोटा — सदस्य
(३) संयोजक, सामाजिक विकास समिति श्री भिकराज बुढाथोकी — सदस्य
(४) कार्यपालिका सदस्य श्री पुष्पा नेपाली — सदस्य
(५) शिक्षा शाखा प्रमुख श्री लिलाधर बबाल — सदस्य
(६) स्वास्थ्य शाखा प्रमुख श्री विरेन्द्र हमाल — सदस्य
(७) कार्यकारी निर्देशक, **DDS** सल्यान श्री विनायक रेग्मी — सदस्य
(८) शारदा नगरपालिकास्तरीय यूवती क्लव अध्यक्ष श्री अस्मिता बस्नेत — सदस्य
(९) स. म. वि. नि. श्री संगिता कुमारी बपाल — सदस्य सचिव

लिका बैठक २०८१ मंसिर ३ गते

CamScanner

**निर्णय नं. १६**

विविध विषयमा तपसील अनुसारको निर्णय गरियो ।

(क) २०४८ को निर्वाचन पश्चात स्थापित संसदको पहिलो सभामुखका रुपमा रहनु भएका दमननाथ ढुंगानाको मिति २०८१ मंसिर २ गते भएको असामयिक निधन प्रति गहिरो शोक प्रकट गर्नुका साथै शोक सम्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने ।

(ख) शारदा नगरपालिका भित्र निजी जग्गामा खोलिएका बाटोहरुको लगत कट्टाका लागि मालपोत कार्यालय र नापी कार्यालयमा आवश्यक सहयोगका लागि पत्राचार गर्ने ।